गण्डकी गाउँपालिका

# स्थानीय राजपत्र

**महिला बालबालिका तथा ज्येष्ठ नागरिकका लागि  बार्षिक कार्यक्रम संचालन कार्यविधि २०७७**

खण्ड ४ संख्या २६ मिति: २०७७।८।१७

**भाग-२**

**गण्डकी गाउँपालिका**

# महिला बालबालिका तथा ज्येष्ठ नागरिकका लागि बार्षिक कार्यक्रम संचालन कार्यविधि २०७७

## कार्यक्रम शीर्षक: विपन्न महिला आयमुलक अनुदान कार्यक्रम

१.परिचयः विपन्न महिला भन्नाले यस गण्डकीगाउँपालिका भित्र बसोबास गर्ने आर्थिक सामाजिक र राजनैतिक रुपमा पछाडि परेका वर्गहरु जस्तै दलित चेपाङ माझी कुमाल दरै जनजाति सिमान्कृत भित्रका निम्न आयस्रोत भएका महिलाहरुलाई बुझाउछ उनीहरुलाई समुहमा आवद्ध गराई भौगोलिक अवस्था अनुसार स्थानीय रुपमा खपत हुने आयमूलक कार्यक्रम संचालन गर्ने । विपन्न महिलाहरुका लागि ग्रामिण आयमूलक व्यवसायहरु जस्तै मोडा बुन्ने, खुद्रा पसल, तरकारी खेती, मैनबत्ती बनाउने, साबुन बनाउने, बाख्रा पालन, कुखुरा पालन गर्ने, बुटिक चुरा बनाउने, खेलौना बनाउने आदि ।

**२. लक्ष्य तथा उद्देश्यः** यस गाउँपालिका भित्र बसोबास गर्ने निम्न आयस्रोत भएका पछाडि परेका निमुखा महिलाहरुको आर्थिक स्तरमा टेवा पुऱ्याउने ।

**३. कार्यान्वयन निकायः** गण्डकी गाउँपालिका, महिला वालवालिका तथा ज्येष्ठ नागरिक शाखा ।

**४. कार्यविधिः** वार्षिक बजेट रु. ४,००,०००।- (चार लाख रुपैयाँ) तथ्याङ्क अनुसार आर्थिक ऐन नियम अनुसार गर्ने । प्रत्येक वडाका १/१ महिला समूहलाई ५०,०००।- का दरले प्रदान गरिने ।

**५. सहभागी** : यस गाउँपालिकाको सम्पूर्ण वडा भित्रका विपन्न महिला समुह सदस्यहरु ।

**६. कार्यान्वयन समय :** कार्ययोजना अनुसार २०७७ मंसीर देखि चैतसम्म ।

**७. कार्यसञ्चालन प्रक्रिया :** यस गाउँपालिका का सबै वडाहरुमा भएका महिला समुहले प्रस्तावना पेश गर्नको लागी सवै वडा कार्यालयको सुचना पाटी र गा.पा.को सुचना पाटी र website मा १५ दिने सुचना प्रकाशन गरिने छ । प्रस्तावना पेश गर्दा समुह दर्ताको प्रमाणपत्रको प्रतिलिपि ,समुह जमानी, वडा कार्यालयको सिफरिस समेत संलग्न राख्नु पर्नेछ ।

समुह छनौट गर्नका लागि देहाय वमोजिम समिति गठन गरिने छ ।

(क). गा.पा अध्यक्ष – संयोजक
(ख). गा.पा उपाध्यक्ष – सदस्य
(ग). प्र.प्र.अ – सदस्य
(घ). वडा अध्यक्ष वडा नं. ६ – सदस्य
(ङ). वडा अध्यक्ष वडा नं.३ – सदस्य
(च). योजना शाखा प्रमुख – सदस्य
(छ). महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख – सदस्य सचिव

**८. अपेक्षित प्रतिफल :** विपन्न महिला सदस्यहरुले जिविकोपार्जन आयमूलक व्यवसाय कार्यक्रम सञ्चालन गरी आफ्ने पारिवारिक रुपमा आईपरेको आर्थिक समस्यामा सुधार तथा परिवर्तन ल्याई शिक्षा स्वास्थ्यमा सहजता ल्याउने ।

**९. कार्यक्रम बजेट :** चार लाख रुपैया

**१०. कार्यक्रम सम्पन्नः** अभिलेख तथा प्रतिवेदन ।

**कार्यक्रम शिर्षक: अनाथ, अपाङ्गता भएका र न्युन आयस्रोत भएका बालबालिकालाई शैक्षिक सामग्री र पोशाक वितरण**

१.परिचय: अनाथ बालबालिका भन्नले यस गाउँपालिका भित्रका बाबु आमा गुमाएका मावलीमा बसेका तथा आफन्त नातेदारको घरमा शरण परी बसेका टुहुरा बालबालिका र गरिबीको कारणले विद्यालय पठनपाठनबाट बञ्चित रहेका बालबालिका र अपांगता परिचयपत्र प्राप्त गरेका बालबालिकाहरुका लागि उनीहरुको शैक्षिक क्रियाकलापमा सहायता पुर्‍याउने उद्देश्यले यो कार्यक्रम संचालन गरिने छ ।

**२. लक्ष्य तथा उद्देश्य:** यस गण्डकी गाउँपालिका भित्र बसोबास गर्ने टुहुरा, अपाङ्ग तथा अनाथ बालबालिकाहरुलाई सहयोग पुऱ्याउने ।

**३. कार्यान्वयन निकाय:** गण्डकी गाउँपालिका, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा ।

**४. कार्यविधि:** वडा कार्यालय र शिक्षा युवा तथा खेलकुद शाखा को सहयोगमा बालबालिका पहिचान गरेर प्रत्येक वडाका ५/५ जनाका दरले ४० जनालाई सहयोग गरिनेछ ।

**५. सहभागी** : यस गाउँपालिकाको सम्पूर्ण वडा भित्रका अनाथ, अपाङ्ग बालबालिकाहरु ।

**६. कार्यान्वयन समय** : कार्ययोजना अनुसार २०७७ मंसीर देखि माघसम्म ।

**७. कार्यसञ्चालन प्रक्रिया** : यस गाउँपालिका क्षेत्रभित्र सामुदायिक विद्यालयमा अध्ययन गरिरहेका अनाथ तथा अपांगता भएका

बालबालिकाको नामावली सम्बन्धित विद्यालयबाट माग गरी वडा कार्यालयको सिफारिस र अपाङ्ग परिचयपत्र प्रमाणित कागजातहरुको आधारमा नाम छनौट गरेर कार्यक्रम संचालन गर्ने ।

**८. अपेक्षित प्रतिफल :** अनाथ, अपाङ्ग बालबालिकाहरुले शैक्षिक सामग्री र पोशाक प्राप्त हुनेछ ।

**९. कार्यक्रम बजेट :** रु. १,२०,०००।- आर्थिक नियमानुसार पारदर्शिता रुपले खर्च गर्ने ।

**१०. कार्यक्रम सम्पन्न:** अभिलेख तथा प्रतिवेदन ।

## कार्यक्रम शिर्षक: अपाङ्गता भएका व्यक्तिहरुलाई आयमूलक अनुदान कार्यक्रम

१.परिचय: भिन्न क्षमता भएका व्यक्तिहरु सँग पनि काम गर्न सक्ने सिपहरु हुन्छन् । उनीहरु पनि समाजमा अरु व्यक्ति सरह काम गर्न सक्षम हुन्छन् । तसर्थ भिन्न क्षमता भएकालाई उनीहरुको क्षमता अनुसार, आय मुलक कार्यमा संलग्न गराउने भन्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ ।

**२. लक्ष्य तथा उद्देश्य:** यस गण्डकी गाउँपालिका भित्र बसोबास गर्ने निम्न आयस्रोत भएका भिन्न क्षमता भएका अपाङ्गहरुका लागि आर्थिक स्तर अभिवृद्धि गर्दै गरिवी निवारणमा सहयोग पुऱ्याउने ।

**३. कार्यान्वयन निकाय:** गण्डकी गाउँपालिका, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा ।

**४. कार्यविधिः** वडागत तथ्याङ्कको आधारमा वडाको सिफारिस अनुसार गरिनेछ ।

**५. सहभागी** : यस गाउँपालिकाको सम्पूर्ण वडा भित्रका भिन्न क्षमता भएका अपाङ्गहरु ।

**६. कार्यान्वयन समय** : कार्ययोजना अनुसार २०७७ मंसीर देखि माघसम्म ।

**७. कार्यसञ्चालन प्रक्रिया** : यस गाउँपालिका अन्तर्गतका वडाहरुमा रहेका अपांगता भएका व्यक्तिहरुको समूह दर्ताको प्रमाणपत्र, नागरिकताको प्रतिलिपि, अपाङ्ग परिचयपत्रको प्रतिलिपि, वडा कार्यालयको सिफारिसका आधारमा हरेक वडाका १।१ जना समूहलाई अनुदान उपलब्ध गराउने ।

**८. अपेक्षित प्रतिफल** : अपाङ्गहरुको आयमूलक कार्यक्रम अन्तर्गत आर्थिक वृद्धि हुने ।

**९. कार्यक्रम बजेट** : रु. २,००,०००।- आर्थिक नियमानुसार पादर्शी रुपले अनुदान रकम वितरण गर्ने । प्रत्येक वडामा रु. २५,०००।- का दरले प्रदान गर्ने ।

**१०. कार्यक्रम सम्पन्नः** अभिलेख तथा प्रतिवेदन ।

**कार्यक्रम शिर्षक: ज्येष्ठ नागरिक हक अधिकार सचेतना ।**

१.परिचय: ज्येष्ठ नागरिकको जीवनलाई सम्मानित बनाउन उनीहरुको अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न, ज्येष्ठ नागरिकको हक अधिकार सम्वन्धमा घर परिवाको हेरचाह, खानपानको व्यवस्था, सुस्वास्थ्य, ज्येष्ठ नागरिक परिचयपत्र, शारीरिक सरसफाई लगायतका विषयमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**२. लक्ष्य तथा उद्देश्य:** यस गण्डकी गाउँपालिका भित्र बसोबास गर्ने ज्येष्ठ नागरिकहरुको हक अधिकार सम्वन्धमा सचेतना अभिवृद्धि गर्ने ।

**३. कार्यान्वयन निकाय:** गण्डकी गाउँपालिका, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा

**४. कार्यविधि:** ज्येष्ठ नागरिक पहिचान गरी कार्यक्रम गर्ने ।

**५. सहभागी** : गण्डकी गाँउ पालिका भित्रका सवै ज्येष्ठ नागरिकहरु ( परिचय पत्र तथा नागरिकताको आधारमा ६० वर्ष माथि) छनौट गर्ने ।

**६. कार्यान्वयन समय :** कार्ययोजना अनुसार २०७७ मंसीर देखि माघसम्म ।

**७ कार्यसञ्चालन प्रक्रिया :** यस गाउँपालिका अन्तर्गतका वडाहरुमा रहेका वडा स्तरीय ज्येष्ठ नागरिक समितिका सदस्यहरुलाई सहभागि गराएर अर्न्तक्रिया तथा छलफल र अनुभव आदान प्रदान गर्ने ।

**९. अपेक्षित प्रतिफल :** ज्येष्ठ नागरिकहरुले आफ्नो हक अधिकारको बारेमा बुझ्नेछन् । आफ्नो अनुभव बताउन सक्नेछन् ।

**१०. कार्यक्रम बजेट :** रु. १,२०,०००।- आर्थिक नियमानुसार पादर्शी रुपले खर्च गर्ने ।

**११. कार्यक्रम सम्पन्न:** अभिलेख तथा प्रतिवेदन ।

**कार्यक्रम शिर्षक: लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी परीक्षण र अभिमूखीकरण सरोकार वाला सबै ।**

१.परिचय: **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, यौनिक तथा लैङ्गीक अल्पसंख्यक बीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैंगिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ । र **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष, यौनिक तथा लैङ्गीक अल्पसंख्यक र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ र गण्डकी गाँउ पालिकामा निर्वाचीत जन प्रतिनिधिज्यूहरु, कर्मचारी र सरोकारवाला

पक्षहरुलाई GESI सम्बन्धी अभिमुखिकरण मार्फत GESI धारणा, बुझाई अभिबृद्धि गरी गाँउपालिकाको समग्र विकास प्रक्रियामा महिला पुरुषको न्यायीक एबं समान सहभागिता बढाई अवसर, अधिकार र पहुँचमा सुनिश्चितता हुन आवश्यक छ ।

यसै सर्न्दभमा गण्डकी गाँउपालिकाले मिति २०७७।३।१२ गतेका दिन कार्यपालिकाबाट पारित गरेको लैगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ का आधारमा, उक्त कार्यविधिमा उल्लेख भएका ८ वटा सूचकहरुको आ.ब.२०७६।०७७ को अवस्था विश्लेषण गर्ने र अगामी आर्थिक बर्ष को बार्षिक कार्यक्रम, बजेट मा लैससासका चुनौतिहरु समावेश गर्ने कार्य GESI परीक्षण मार्फत हुने छ । गत आर्थिक बर्षमा कुल ५६ पूर्णांकमा गण्डकी गाँउपालिकाले २१.५ अंक प्राप्त गरेको ले गत आर्थिक बर्षबाट नै संविधान तथा गण्डकी गाँउपालिकाका लैंगिक नीति तथा कार्यविधिहरु मार्फत अवस्था सुधार गर्ने तर्फ गाँउपालिका कार्य गर्दै आईरहेकोले चालु आर्थिक बर्षको बजेटमै लैससास परीक्षण सम्बन्धि बजेट तथा कार्यक्रम अगाडी बढाईएको हो । लैससास एउटा बहुआयामिक विषय भएकाले सबै पक्षहरु, विषयगत शाखा र स्वयं गाँउपालिका जिम्मेवार र उत्तरदायिहुन र एक्यबद्ध भएको छ ।

## २. लक्ष्य तथा उद्देश्य:

- गण्डकी गाउँपालिका भित्र बसोबास गर्ने महिला र पुरुष सबैमा असमानता विभेदहरु हटाई समान अवसरमा पहुच बढाउने ।
- गण्डकी गाँउपालिकाको गत आर्थिक बर्षको कार्यक्रम, बजेट तर्जुमा, नीति नियम निर्माण तथा कार्यान्वयन, योजना कार्यान्वयन, सुशासन र पादर्शीताका पक्षमा महिला सहभागिताको अवस्था GESI परीक्षण कार्यविधि २०७७

अनुसार भए नभएको परीक्षण गरी थप सुधारात्मक कार्यहरु गर्ने ।

- GESI सुधार कार्य योजना निर्माण गर्ने ।

**३. कार्यान्वयन निकाय:** गण्डकी गाउँपालिका, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा ।

**४. कार्यविधि:** हिंसा पिडित महिला पुरुष छनौट गर्ने, वडा कार्यालय, संघमा आवद्ध संस्था, सरोकारवाला सहभागितात्मक बैठक बस्ने ।

**५. सहभागी** : गाँउपालिकाका पदाधिकारीहरु (अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, दलित तथा महिला सदस्यहरु, शाखा प्रमुख, महिला समुहका अगुवा पदाधिकारीहरु, गै.स.स.प्रतिनिधिज्हरु, आदी

**६. कार्यान्वयन समय :** कार्ययोजना अनुसार २०७७ पौष देखि चैत्रसम्म ।

**७. कार्यसञ्चालन प्रक्रिया :** यस गाउँपालिका अन्तर्गतका वडाहरुमा लैङ्गिक हिंसा समूह पहिचान गरी सुचना को आधारमा वडा कार्यालयको बैठकको निर्णयानुसार र अन्तरक्रिया गरेर ।

**८. अपेक्षित प्रतिफल :** लैससासका दृष्टिकोणबाट गाँउपालिकाका हरेका पक्षमा महिलाहरुको समान सहभागिता, पहुच अभिबृद्धिहुने छ । गाँउपालिकाको लैससासको वर्तमान अवस्था पहिचानहुने छ । लैससासको कार्ययोजना तयार भइ अगामी आर्थिक बर्षको बजेट नीति तथा कार्यक्रमका समावेश हुने छ ।

**९. कार्यक्रम बजेट :** रु. ८०,०००।- आर्थिक नियमानुसार पादर्शी रुपले खर्च गर्ने ।

**१०. कार्यक्रम सम्पन्नः** अभिलेख तथा लैससास परीक्षण प्रतिवेदन ।

**कार्यक्रम शिर्षकः महिला बालबालिका ज्येष्ठ नागरिकसँग सम्वन्धित रहेका दिवसहरु ।**

१.**परिचयः** महिला बालबालिका अन्तर्गत पर्ने ज्येष्ठ नागरिक दिवस, महिला श्रमिक दिवस, लैङ्गिक हिंसा १६ दिने अभियान, अपाङ्ग दिवस, नारी दिवस, बालबालिका दिवस लगायत विविध दिवसहरु राष्ट्रिय र अन्तराष्ट्रिय एक्यवद्धता र चलन अनुसार गाँउपालिका स्तरमा मनाउने र अ-आफ्नो हक अधिकार, सेवा, सुविधा, पहुँच विस्तार, सचेतना अभिबृद्धि गरी लक्षित बर्गहरुलाई सशक्तरुपमा अधिकत्म अधिकार सुनिश्चिततता गर्ने र विकास निर्माण एबं सेवा प्रवाहका क्षेत्रमा लक्षित वर्गको सहभागिता र योदान बढाउने र लाभ एबं विकासको प्रतिफलमा समेत उपभोग गर्ने कार्य विभिन्न दिवस मार्फत गाँउपालिका स्तरमा गरिनेछ ।

**२. लक्ष्य तथा उद्देश्यः** यस गण्डकी गाउँपालिका भित्र बसोबास गर्ने महिला ज्येष्ठ नागरिक अपाङ्ग सबैको हित कल्याण सेवा सम्मानका लागि गर्ने ।

**३. कार्यान्वयन निकायः** गण्डकी गाउँपालिका, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा ।

**४. कार्यविधिः** दिवस अनुसार सुचनाको आधारमा पहिचान गर्ने र तिथि मिति अनुसार गर्ने ।

**५. सहभागी** : सम्वन्धित दिवस अनुसार ।

**६. कार्यान्वयन समय :** कार्ययोजना अनुसार २०७७ पौष देखि जेठसम्म ।

**७. कार्यसञ्चालन प्रक्रिया :** सरकारले प्रतिबद्धता जनाएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय दिवसहरु गण्डकी गाँउपाकिा क्षेत्र अन्तरगत रही मनाउने ।

**८. अपेक्षित प्रतिफल :** विविध दिवस मार्फत सम्वन्धित दिवसले आवश्यक सचेतना फैलाउने र सशक्त बनाउने । विकास निर्माणका काममा योगदान र सहभागिता बढाउने ।

**९. कार्यक्रम बजेट :** रु. ८०,०००।- आर्थिक नियमानुसार पादर्शी रुपले खर्च गर्ने ।

**१०. कार्यक्रम सम्पन्न:** अभिलेख तथा प्रतिवेदन ।

**गण्डकी गाउँपालिका कार्यालय ,**

**वडा न ४ फुजेल गोरखा ।**

**बार्षिक कार्यक्रम संचालन कार्य विधि २०७७**

**कार्यक्रम शिर्षक : महिला सशक्तिकरण ।**

**१ परिचय : "महिला सशक्तिकरण"** भन्नाले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका, अशक्त वा कमजोर महिला वर्गलाई सवल बनाउने कार्यलाई सम्झनु पर्दछ । महिला सशक्तिकरण स्थानीय सरकारद्धारा तयार गरिने नीति नियम, योजना निर्माण, सुशासन र पारदर्शीताका कार्यक्रमहरु, विभिन्न खालका सीपमुलक कार्यहरु, आय आर्जनका कार्यहरु, विभिन्न संघ सस्थाहरुको नेतृत्व आदी जस्ता क्षेत्रमा अर्थपूर्ण सहभागिता गराउने कार्यलाई बुझाउँछ ।

**२ लक्ष्य तथा उद्देश्य :** महिला सशक्तिकरणको कार्यक्रम संचालन पश्चात गाउँपालिका वडा नं. ४ अन्तर्गत बसोबास गर्ने महिलाहरुमा सचेतनाको अभिबृद्धि गर्ने र विभिन्न खालका सीपमुलक, क्षमता विकासका कार्यक्रमहरु, आय आर्जनका काममा महिला सहभागिता गराउने ।

**३ कार्यन्वयन निकाय :** गण्डकी गाउँपालिका वडा न ४ र महिला वालवालिका ज्येष्ठ नागरिक शाखाको समन्वयमा संचालन गर्ने ।

**४ कार्यबिधि** : बजेट रु १०००००।– (एक लाख मात्र)

**५. सहभागी :** गण्डकी गाउँपालिका  वडा नं.४ का  महिला समुहका सदस्यहरु ।

**६. कार्यान्वयन समय :** कार्य  योजना अनुसार २०७७ मंसिर देखि २०७८ बैशाख  मसान्त सम्म ।

**७. कार्य सचालन प्रक्रिया :** यस गण्डकी गाँउ पालिका ४ नं.वडामा न्यून आर्जन भएका महिलाहको छनौट गर्ने र सो को छनौट सूची वडाले तयार  गर्ने र सोही अनुसार महिला सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ।

**८. अपेक्षित  प्रतिफल :** विपन्न, हिंसा पीडित  महिलाहरु गा.पा. स्तरीय नीति निर्माण, योजना निर्माण र कार्यान्वयन का क्षेत्रमा सशक्त भई लाग्नेछन् । महिलाहरुको विभिन्न सेवा प्रदायक निकायहरुमा पहुच बढाई सेवा प्राप्त गर्ने छन् । महिला क्षमता विकासका (आय अर्जान, सीप आदी) कार्यक्रमबाट आफ्नो हक अधिकारको दावी गर्ने छन् । समविकास मार्फत सन्तुलित, सम्मुनत, हिंसा र दुर्व्यवहार रहित अग्रगामी समाज निर्माण हुने छ ।

**९. कार्यक्रम बजेट खर्च :** आर्थिक नियम अनुसार पारदर्शी ढंगले कार्यक्रम संचालन गर्ने ।

**१०. कार्यक्रम सम्पन्न :**     अभिलेख तथा प्रतिवेदन  ।

**आज्ञाले,**
**पुरण गुरुङ**
**प्रमुख प्रशासकीय अधिकृत**